०७१-WH-००६६

# श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदन-पत्र

विषयः <u>नेपालको संबिधानको धारा ४६ र १३३ (२) र (३) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत उपयुक्त आदेश जारी गरी पाउँ ।</u>

तिलचन प्रसाईको नाती कृष्ण प्रसाद प्रसाईको छोरा झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ५ स्थायी घर भई भक्तपुर जिल्ला मध्यपुर थिमी वडा नं. ६ निकोशेरा बस्ने हाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीमा गैर कानुनी हिरासतमा रहेको बर्ष ५६ को दुर्गा प्रसाद प्रसाईको हकमा निजको छोरा विर्तामोड न.पा. वडा नं. ५ बस्ने बर्ष ३२ को निराजन प्रसाईको वारेस का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल बस्ने बर्ष ४० को नारद खवास ........................................................................ १ — रिट निवेदक

### विरुद्ध

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाण्डौं .. १

नेपाल सरकार गृह मन्त्रालय, सिंहदरवार काठमाण्डौं ......................................... १

प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौं ....................................................... १

प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटी काठमाण्डौं ................................. १ — विपक्षी

काठमाण्डौं जिल्ला अदालत, बबरमहल काठमाण्डौं ............................................ १

मुद्दाः <u>बन्दीप्रत्यक्षीकरण ।</u>

म रिट निवेदक यस निवेदन वापत लाग्ने दस्तुर यसै साथ राखी नेपालको संविधानको धारा १६, १७, १८, २० (१) र (४) तथा धारा ४६, १३३ (२) र (३) वमोजिम निम्न लिखित निवेदन गर्दछु ।

१. देशको अर्थतन्त्रमा देखिएको नकरात्मक सुचांकहरु र आर्थिक मन्दिका कारण नेपालको अर्थतन्त्रमा परेको गंम्भिर असरहरु र नेपालबाट ठुलो संख्यामा युवाहरु विदेश पलायन भएको र यसबाट

नेपालले दिर्घकालिन रुपमा गंम्भिर क्षती व्यहोर्नु पर्ने एवं नेपालमा क्रमश जेष्ठ नागरिकहरुको मात्र जनसंख्या वृद्धी हुदै जाने देखिएको छ । त्यसै गरी नेपालको उर्जाशिल एवं उत्पादनशिल शिक्षित युवा जनसंख्या यसरी क्रमश विदेश जाने हो भने नेपालको समग्र राज्य प्रणालीमा गंम्भिर असर परी त्यसबाट देशको सम्पुर्ण मानव विकाश सुचांक नै नकरात्मक हुन जाने अवस्था सृजना नहोस भन्ने उद्देश्यले नेपालको संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) बमोजिमको विचार र अभिव्यक्तिको स्वतन्त्रता, खण्ड (ख) बमोजिम विना हातहतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रता र खण्ड (ङ) मा व्यवस्था गरिएको नेपालको कुनै पनि भागमा आवतजावत गर्ने स्वतन्त्रता जस्ता संविधानले सुनिश्चत गरेको मौलिक अधिकारहरुको उपयोग गरी संविधान सम्मत रुपमा नेपाली समाजको आर्थिक सामाजिक प्रगति र आर्थिक समृद्धिको लागि नागरिकहरुले निर्वाह गर्नु पर्ने कर्तव्य र राज्यले पुरा गर्नुपर्ने दायित्वको सम्बन्धमा मिति २०८१।०६।०३ गते सर्लाहीमा, मिति २०८१।०६।१० मा दुधौलीमा, मिति २०८१।०६।१५ मा धल्केबरमा, मिति २०८१।०६।२० मा झापा गौरादहमा मिति २०८१।०६।२१ मा इटहरीमा, मिति २०८१।०६।२४ मा तेह्रथुम आठराईमा नागरिकहरुको सभाको आयोजनाको कार्यक्रमहरु रहेको ।

२. यसरी उल्लेखित कार्यहरु रहेकोमा विपक्षी सरकार मेरो बुबाप्रति पूर्वाग्रही भई बुबाले आयोजना गरेको कार्यक्रममा उपस्थित हुन नदिने बद्नियतपूर्ण दुषित मनसायले ग्रसित भई झुठ्ठा एवं कपोलकल्पित विधुतिय कारोबार सम्बन्धी कसूर गरेको भनि झुठ्ठा अभियोग लगाई मिति २०८१।०६।०२ मा विपक्षी सम्मानित काठमाण्डौं जिल्ला अदालतमा साईबर व्यूरोबाट दुर्गा प्रसाद प्रसाईलाई पक्राउ गर्ने अनुमति लिएको भन्ने कुरा जानकारीमा आएको हुँदा यसरी विपक्षीहरु पूर्ण रुपमा पूर्वाग्रही भई म निवेदकलाई नागरिक सभाहरुमा उपस्थित हुन र संविधानले प्रदान गरेको अभिवयक्तिको स्वतन्त्रताको प्रयोग गरी आफनो विचार र अभिव्यक्ति राख्न बन्चित गर्ने दुराशय, पूर्वाग्रही, बद्नियतपूर्ण मनसायले पक्राउ गर्न अनुमति लिने लगायतको कामकारवाही भएको भन्ने जानकारी आएको हुँदा विपक्षीहरुको यस्तो कामकारवाहीबाट म रिट निवेदकलाई नेपालको संविधानको धारा १६ ले प्रदान गरेको सम्मान पूर्वक वाच्ने हक धारा १७ ले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुन पाउने स्वतन्त्रता र नेपालको कुनै पनि भागमा आवतजावत गर्न पाउने स्वतन्त्रता जस्ता नैसर्गिक अधिकारहरु एवं धारा १८ ले प्रदान गरेको समानताको हक, धारा २० को उपधारा (४) को फौजदारी न्याय सम्बन्धि हकको गम्भिर रुपमा आघात परी मलाई घोर अन्याय भएको अवस्था विद्यमान भएको हुँदा नेपालको संविधानको धारा ४६ र १३३ (२) र (३) बमोजिम सम्मानित अदालत समक्ष उल्लेखित अपहरित मौलिक हकहरुको संरक्षण गरी न्यायिक उपचारको लागि रिट नं. ०८१-WO-०३४३ को रिट निवेदन यसै सम्मानित अदालतमा दायर गरी अन्तरिम आदेश छलफलका लागि झिइएको छ । यसै सन्दर्भमा

म रिट निवेदकलाई मिति २०८१।६।६ का दिन विपक्षी साइबर ब्युरोले हाम्रो निजि निवासबाट पक्राउ गरी पक्राउ पुर्जी समेत नदिई गैर कानूनी थुनामा राखिएको र सम्मानित काठमाण्डौं जिल्ला अदालतले समेत म्यादथप थुनामा राख्ने अनुमति नदिई मिति २०८१।६।६ बाट ३ दिनको म्याद थप गर्ने गरी विपक्षी साईबर ब्युरोको गैर कानूनी थुनालाई समेत सदर कायम गरेको हुँदा यो रिट निवेदन लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु ।

३. मेरो बाबु क्यान्सर रोगबाट ग्रसित रहेको, हरेक दिन चिकित्सकको निगरानी रहनुपर्ने र जीवन रक्षाको लागि चिकित्सकको निगरानीमा नै औषधी सेवन गर्नुपर्ने भएको हुँदा म जस्तो एक क्यान्सर रोगबाट पिडित नागरिकलाई राज्यले संरक्षण गर्नुपर्नेमा राष्ट्र र नागरिकका हितको लागि आवाज उठाउँदै आएको म निवेदकलाई विपक्षीहरूले झुठ्ठा, कपोलकल्पित र बनावटी अभियोग सृजना गरी म रिट निवेदकलाई गैर कानूनी रूपमा पक्राउ गर्ने दुषित मनसायले सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट अनुमति लिएको स्पष्ट देखिएको हुँदा विपक्षीहरूको त्यस्तो गैर कानूनी थुनामा राख्ने कार्यबाट मौलिक हकमा गम्भिर आघात परेको छ ।

४. विपक्षीबाट दुराशयपूर्ण तवरबाट कानून विपरित विद्युतीय कारोबार अपराध भनी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ विपरित हुने गरी विद्युतीय कारोबार मुद्दामा पक्राउ गर्ने विपक्षी सम्मानित काठमाण्डौं जिल्ला अदालतले दिएको अनुमति सो बमोजिमको पक्राउ पुर्जी र थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा (३) एवं दफा १४ विपरित छ । रिट निवेदक विरुद्ध अनुसन्धान र अभियोजन गर्ने नसक्नेमा विपक्षीहरूले अन्य कानुनी व्यवस्थालाई स्वचालित र एकात्मक कृत्यशील गराई निवेदकको वैयक्तिक स्वतन्त्रता, कानूनको समान संरक्षण, सम्मानपूर्वक बाँच्न पाउने हक तथा तत्काल प्रचलित कानूनले सजाय नहुने काम गरेवापत सजायको भागिदार नबनाईने न्याय सम्बन्धि हक जस्ता नेपालको संविधानको धारा १६, १७, १८ र २० द्वारा प्रदत्त मौलिक हक तथा मुलुकी अपराध संहिता, २०७४ को फौजदारी न्यायका सामान्य सिद्धान्तहरूको दफा ६ र दफा ७ को गम्भिर हनन गर्ने कार्य प्रत्यर्थिहरूबाट भएको हुँदा नेपालको संविधानको धारा ४६ तथा १३३ (२) (३), र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३६ र ३७ बमोजिम यो न्यायको याचिका मार्फत सम्मानित अदालत समक्ष प्रवेश गरेको छु । रिट निवेदकको नाम बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भन्ने सम्बन्धमा निम्न बमोजिम निवेदन गर्दछु ।

क. जाहेरीमा दुराशयपूर्ण तवर (Malicously) ले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को विद्युतीय कारोबार कसूर गरेको भन्ने जाहेरी दर्ता गरेको रहेछ । नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्ण भेला हुने स्वतन्त्रता र नेपालको कुनै पनि भागमा आवतजावत गर्ने स्वतन्त्रता जस्ता संविधानले

सुनिश्चत गरेको मौलिक अधिकारहरुको उपयोग गरिएको कार्यको ठाडो उलंघन हुने गरि पक्राउ गर्ने तथा थुनामा राखि अनुसंधान गर्ने कलुसित भावना देखिएबाट प्रत्यर्थिको कृया स्वच्छ र स्वतन्त्र नभई रिट निवेदकलाई जसरी पनि अनुसन्धानका नाउमा थुनामा राखी दुःख दिने मनोदशाबाट प्रवृत्त देखिन्छ । विपक्षीले निवेदकलाई बदनियतपूर्ण रुपमा प्रवृत्त भावना लिई कानून विपरित एवं अनिवार्य रुपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी निवेदकलाई गैर कानूनी थुनामा राखेको अवस्था छ ।

ख. यसै सम्मानित सर्वोच्च अदालतले ने.का.प. २०६६, अङ्क १०, निर्णय नं. ८२४३ मा Malicious Prosecution को वृहत्तर व्याख्या गरि Malicious Prosecution गर्न नहुने प्रष्ट सिद्धान्त कायम गरेको छ । अभियुक्त उपर अनुसन्धानकर्ताको Malice र ill will र अभियोग अदालतमा Sustain गर्न सक्दैन भन्ने ज्ञान हुँदाहुँदै मुद्दा चलाए Malicious Prosecution हुने र यसरी मुद्दा चलाउने परम्परा वन्द गर्नुपर्ने सिद्धान्त कायम गरेको छ । म निवेदक निर्दोष देखिरहेको अवस्थामा केवल मेरो नामसम्म उल्लेख गरि दर्ता गरिएको जाहेरी Malicious Prosecution को पुर्वाग्रही व्यन्जना भएको र यस्तो जाहेरी र अनुसन्धानको आधारले निवेदकको उल्लेखित संवैधानिक एवं कानूनी हकहरुमा सोझै कुठाराघात भएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैर कानुनी थुनाबाट मुक्त गरी पाउँ ।

ग. नेपालको संविधानको धारा १६ ले निवेदकलाई सम्मानपूर्वक वाँच्न पाँउने हकको प्रत्याभूत गरेको छ । अनुसंधानर्ताको निष्पक्षता, स्वतन्त्रता, स्वच्छभाव अनुसंधानमा अपरिहार्य हुन जान्छ । विपक्षीले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर भनि कपोलकल्पीत आधार वनाई प्रमाणको मूल्यांकन समेत नगरी निवेदकलाई जसरी पनि थुनामा राख्ने भन्ने दुराशयले नै प्रस्तुत कार्वाही चालु गरेको प्रष्ट हुन्छ । कुनै पनि व्यक्तिको जीवनमा सरकार वा अन्य पक्षबाट हुने यसै प्रकारका हस्तक्षेपलाई सम्मान पूर्वक वाँच्न पाँउने हकले पूर्णतः संरक्षण गर्दछ ।

घ. नेपालको संविधानको धारा १८(१) ले कसैलाई पनि कानूनको समान संरक्षणको हकबाट वञ्चित नगरिने हकको प्रत्याभूत गरेको छ । राज्यद्वारा नागरिकका संवन्धमा गरिने व्यवहार, उपलव्ध हुने सुविधा, अवसर, कानूनको संरक्षण आदिमा विभेद गरिनु हुन्न । त्यस्तै धारा २०(४) ले तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी नहुने व्यवस्था गरेको छ । तत्काल प्रचलित कानुनले सजाय हुने काम गरेको पुष्टि नगरिएको अनुसन्धान अन्तर्गत समर्पण गर्न जाँन पनि निवेदकलाई कर लाग्दैन । तर प्रमाण र वोधगम्य संवन्ध स्थापित नगरि जथाभावि अनुसन्धान गर्ने तथा मुद्दा चलाउदा कार्यपालिका उचित कर्तव्यबाट च्युत हुन पुग्छ र यस्तो अनुसन्धानमा

समर्पण र प्रतिरक्षा गर्न वाध्य बनाईदा संविधानको धारा १८(१) को समान संरक्षणको हक र धारा २०(१), (४) द्धारा प्रदत्त न्यायको हकको गैर कानुनी अतिक्रमण हुन जान्छ । यसबाट नेपालको संविधानले पत्याभूत गरेको कानूनको शासनको मुल मर्म नै परास्त हुने भएको छ ।

ङ. नेपालको संविधानको धारा १७(१) ले कानून बमोजिम बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रताको हकको हनन नगरिने गरि प्रत्याभूत गरेको छ । राज्य मौलिक अधिकारको संरक्षक भएकोले राज्यले सदैब यस्तो प्रकृतिको मुद्दामा आफनो दायित्व समेत निर्वाह गर्नुपर्ने हुन्छ । यदि यसो नगरिएमा न्यायिक प्रकृयामा अवरोध (Obstruction to the Judicial Process) पनि हुन्छ । यसले अन्ततः विधिको शासनको पनि परिहाँस निम्त्याउदछ । यस प्रकारका कृयाहरुबाट न्यायिक स्वतन्त्रताको चिरहरण हुने मात्र होइन अदालतका निर्णय तथा फैसलाहरुको बल समेत क्षिण हुन जान्छ ।

च. कुनै अनुसन्धान, प्रमाण संकलन नगरि दूराशयपूर्ण तरिकाले अनुसंधान गर्न भनि थुनामा राखे वद्नियत राखु Malicious Prosecution कै प्रथम द्दरष्टारुप (Prima Facia at the face of the record) हो । यस्तो दुराशयपूर्ण अनुसंधान र अभियोजनले न्यायिक प्रामाणिकता वा अनुसंधान तथा अभियोजन र सुनुवाई प्रकृयाले वैधता प्राप्त गर्नु कदापि हुँदैन । यस्तो फर्जि अनुसंधानमा म्याद थप गर्ने र थुनछेक लगायतका तमाम वैयक्तिक स्वतन्त्रतालाई असर पर्ने कृयाले समेत वैधता प्राप्त गर्नु कदापि हुदैन, जुन कानूनी शासनको प्रत्यक्ष उलंघन हो । मुलुकी फौज्दारी कार्यविधी संहिता, २०७४ को दफा ९ को उपदफा (३) मा पक्राउ गर्नु पर्ने कारण एवं वस्तुनिष्ठ आधार प्रमाणबाट मनासिव देखिएमा मात्र पक्राउ गर्न अनुमति दिने व्यवस्थ गरिएको छ । यो व्यवस्था प्रहरीबाट जथाभावी स्वच्छाचारी रुपमा पक्राउ गर्ने कार्य रोक्नका लागि व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र सम्मान पूर्वक वाच्न पाउने हक एवं कानूनको समान संरक्षणको हकलाई सुनिश्चित गर्न न्यायमूर्तिलाई यो अधिकार प्रदान गरिएको हो । यो नागरिक स्वतन्त्रताको रक्षा कवच हो । त्यसैले सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी गर्न दिएको अनुमति र सो अनुमतिको आधारमा विपक्षी व्यूरोबाट पक्राउ पूर्जी समेत दिएको अवस्था छैन । नेपालको संविधानको धारा १६, १७, १८, २०(१), (४) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ६ र ७ समेत विपरित रहेकोले बदरभागी छ । बदर गरी पाऊँ ।

छ. फौजदारी कानूनको दायरा र अधिकार क्षेत्रमा नै नआउने निवेदकहरुको कामकारवाही र व्यवहारलाई आधुनिक लोकतान्त्रिक न्यायप्रणालीले फर्जि मुद्दामा समर्पण गर्न वाध्य पार्न हुदैन । मानिसका मौलिक हकहरु (Individual/civil Liberties) राज्य उत्पत्ति हुनुपूर्व Natural

Right का रुपमा नै स्थापित हकहरु हुन । ती हकहरुलाई राज्य निर्मित अभियोजन प्रकृयामा प्रष्ट कानूनी दायरा र प्रमाणबाट पुष्टि नभएसम्म प्रतिकूल असर पार्नु Constitutional Natural Right समेतको गम्भीर उल्लंघन हो । मानव जीवनका लागि वैयक्तिक स्वतन्त्रता (Individual Liberty) अनतिक्रम्य र अतिमहत्वपूर्ण स्वतन्त्रता हो ।

ज. व्यक्तिको जीवन, वैयक्तिक स्वतन्त्रता, तथा संपत्ति सुरक्षा गर्नु राज्यको प्राथमिक कर्तव्य हो । यसैमा विधिको शासन आधारित हुन्छ । नागरिकको जीवन र स्वतन्त्रताको रक्षा गर्न नसक्ने अनुसंधान र अभियोजन प्रकृयाले जनविश्वास आर्जन गर्नसक्दैन । निवेदकका विरुद्ध मुद्दा लगाउन निवेदकले निश्चित फौजदारी कानूनको उल्लंघन गरेको पुष्टि हुनुपर्दछ । फौजदारी कानूनले स्वाभाविक रुपमा लिने गति र दिशालाई राज्यका अनुसन्धान तथा अभियोजनकर्ताले अधिकारको बाहूबलमा वा अन्य कुनै नीतिगत उद्देश्यका लागि अनावश्यक र अतिरञ्जित ढङ्गले प्रयोग र परिचालन गरि व्यक्तिका वैयक्तिक हक अधिकारहरुमा प्रतिकूल असर पार्न कदापि हुँदैन । फौजदारी अनुसंधान वा अभियोजन गर्नुपर्ने वास्तविक स्थिति देखिन आएको अवस्थामा मात्र गरिने कार्य हो । यसबाट अनुसन्धानमा परेका वा अभियोजित व्यक्ति, निजको परिवार र सोसँग सम्बद्ध हुन आउने कतिपय अन्य व्यक्तिहरुको हकहित र प्रतिष्ठासमेत जोखिममा परेको हुन्छ । त्यसैले अनुसंधान वा अभियोजन गर्ने अनुसंधान वा अभियोजनकर्ताले आफ्नो अधिकार वा सोको रवाफ देखाउने हिसाबले गर्ने कार्य कदापि हुनु हुँदैन । कानूनको सीमा र विधिसम्मत प्रकृया नापुर्याई गरिएको अनुसंधान वा अभियोजन ग्राह्य र स्वीकार्य किञ्चित पनि हुनुहुँदैन । [illegible] निवेदकको बुबालाई संविधानको धारा २०(१) बमोजिम पक्राउ पूर्जी समेत नदिई गैर कानूनी थुनामा राखिएको र सो थुनालाई नै सदर गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट समेत ३ दिनको म्याद थप गरी थुनामा राखी अनुसन्धान गर्ने कार्य प्रचलित कानून, मुलुकी फौजदारी संहिता, २०७६४ को दफा ९ एवं १५ समेत विपरित हुने गरि गैर कानूनी थुनामा राखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैर कानूनी थुनाबाट मुक्त गरी पाउँ ।

५. तसर्थ माथि उल्लेखित तथ्य प्रमाण तथा कानूनी व्यवस्थाबाट यो प्रमाणित भएको छ कि निवेदक विरुद्धको विद्युतीय कारोबार सम्बन्धी विषयमा जाहेरीको अनुसंधान, गैर कानूनी थुना तथा पक्राउ पूर्जी अनुमति म्याद थप समेत संविधान एवं कानुन विपरित छ । प्रत्यर्थीहरुका उल्लेखित कार्य नेपालको संविधानको धारा १६, १७, १८ तथा २०(१), (४) प्रदत्त मौलिक हकहरु अतिक्रमित भएका समेत प्रमाणित भएको छ । अतः अनूसंधान तथा पक्राउ पूर्जी अनुमति म्याद थप लगायतका यससँग संबन्धित संपूर्ण कृया, निर्णय, तथा कार्यहरुसमेत नेपालको संविधानको धारा १३३ (२)

(३) वमोजिम वदर गरि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरुको गैर कानुनी थुनाबाट मुक्त गरी प्रत्यर्थिहरुका नाउमा जो चाँहिने उपयुक्त आज्ञा, आदेश वा पूर्जिसमेत जारी गरिपाँउ ।

६. हाल कानुन व्यावशायी मुकरर गरेको छैन । पछि हामीहरुको तर्फवाट मुकरर हुनुहुने कानुन व्यावशायीको वहस जिकिर तथा पेशगर्नु हुने नजिर तथा सिद्धान्तहरुलाई समेत यसै निवेदनको अभिन्न अङ्ग मानीपांउ ।

७. **निम्न कागजहरुको फोटोकपी संलग्न छ**

(क) रिट नं. ०८१-WO-०३४३ को तारिख पर्चा (ख) सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट प्रदान गरेको अनुमति आदेश (ग) क्यान्सर रोग सम्बन्धी कागजपत्रहरु (घ) नागरिकताको प्रमाणपत्र

८. माथि उल्लेखित व्यहोरा सांचो छ । झुट्टा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निवेदक,

निज वा. नारद खवास

ईति सम्बत २०८१ साल असोज महिना ७ गते रोज ६ शुभम् ..................................